राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक २७३ २०८३ वैशाख २४ गते बिहिवार (7 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-


## बालिकामाथि बलात्कार गर्ने युवकलाई जन्मकैद




दैनिक समाचारदाता

जनकपुरधाम, २३ वैशाख । धनुषामा सात वर्षीया बालिकामाथि जबरजस्ती करणी गरेको अभियोगमा जिल्ला अदालत धनुषाले एक जनालाई जन्मकैदको सजाय सुनाएको छ।

जिल्ला अदालत धनुषा का न्यायाधीश कपिलमणि गौतमको इजलासले मिथिला बिहारी नगरपालिका-१० ठेरा रामनगरका १९ वर्षीय पप्पु मण्डललाई जन्मकैदको फैसला सुनाएको हो। सो फैसला गत बिहीबार सुनाइएको र मङ्गलबार प्रमाणीकरण गरिएको अदालतले जनाएको छ।

अदालतका अनुसार २०७८ फागुन २८ गते भएको घटनामा मण्डलले सात वर्षीया बालिकामाथि जबरजस्ती करणी गरेको ठहर गरिएको छ। सोही कसुरमा पीडित बालिकालाई क्षतिपूर्तिस्वरूप तीन लाख रुपैयाँ उपलब्ध गराउन पनि आदेश दिइएको छ।

फैसलामा प्रतिवादी मण्डलले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) अन्तर्गतको कसुर गरेको ठहर गरिएको उल्लेख छ। उक्त संहिताको दफा २१९(३)(क) अनुसार पीडिता १० वर्षभन्दा कम उमेरकी भएकाले जन्मकैदको सजाय सुनाइएको हो।

अदालतका अभिलेखअनुसार मण्डलले भोजबाट फर्किंदै गरेकी बालिकालाई घर पुऱ्याइदिने बहानामा साइकलमा राखी गाउँबाहिर खेतमा लगेर जबरजस्ती करणी गरेका थिए।

मुद्दाको सुनुवाइका क्रममा पीडितको बकपत्र, प्रत्यक्षदर्शीको बयान, घटनाक्रम, प्रतिवादीको स्वीकारोक्ति तथा चिकित्सकीय परीक्षणबाट प्राप्त प्रमाणका आधारमा कसुर प्रमाणित भएको अदालतले जनाएको छ।

## मधेशमा १७ करोडभन्दा बढीका पाठ्यपुस्तक बिक्री

# पाँच लाख विद्यार्थी लाभान्वित

वीरेन्द्र कर्ण

जनकपुरधाम, २३ वैशाख । जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय, जनकपुरधामले शैक्षिक सत्र २०८२ का लागि हालसम्म १७ करोड २६ लाख ५४ हजार ८ सय ८ रुपैयाँ बराबरका १२ लाख १४ हजार २८ थान पाठ्यपुस्तक बिक्री गरेको जनाएको छ ।

केन्द्रले २०८२ चैत १६ गतेदेखि मधेश प्रदेशअन्तर्गतका पहाडी जिल्ला खोटाङ, ओखलढुंगा, उदयपुर तथा तराईका धनुषा, सिरहा, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट र सिन्धुली जिल्लामा रहेका आफ्ना थोक बिक्रेतामार्फत पाठ्यपुस्तक वितरण गरेको उपप्रबन्धक दीपक दासले जानकारी दिए ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको उक्त कार्यालयले सूचीकृत ८६ वटा बिक्रेतामार्फत सम्बन्धित जिल्लामा समयमै पाठ्यपुस्तक पठाउन सफल भएको जनाएको छ । पाठ्यपुस्तक समयमै




उपलब्ध भएपछि पहाड तथा तराईका जिल्लाका करिब पाँच लाख विद्यार्थी लाभान्वित भएका छन् ।

लेखाअधिकृत रमेश यादवका अनुसार कुनै पनि विद्यार्थी पाठ्यपुस्तक अभावकै कारण पढाइबाट वञ्चित नहोस् भन्ने उद्देश्यले कक्षा ३, ५, ६, ७, ८, ९ र १० का पाठ्यपुस्तक सम्बन्धित जिल्लामा तीव्र गतिमा पठाउने काम भइरहेको छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेअनुसार राज्यले विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गरेको छ । सोहीअनुसार केन्द्रले पुस्तक वितरणलाई प्राथमिकतामा राखेको जनाएको छ ।

यद्यपि, कतिपय विद्यालयले निःशुल्क वितरण गर्नुपर्ने पाठ्यपुस्तकका लागि अभिभावकबाट रकम लिने तथा नयाँ पुस्तकको सट्टा पुराना पुस्तक वितरण गर्ने गुनासो आउने गरेको छ । पीडित अभिभावकहरूका अनुसार केही विद्यालयमा यस्ता गतिविधि अझै रोकिएका छैनन् ।

पाठ्यपुस्तक वितरण प्रणालीमा बिक्रेताले विद्यालयसम्म पुस्तक पुऱ्याउने र विद्यालयले सम्बन्धित पालिकामार्फत भुक्तानी लिने व्यवस्था गरिएकाले पारदर्शितामा सुधार आएको दाबी गरिएको छ । तर, अन्तिम चरणसम्म प्रभावकारी निगरानी आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् ।

केन्द्रका अनुसार गत वर्ष असारसम्म २२ करोड ८८ लाख ४६ हजार ७०९ रुपैयाँ बराबरका १६ लाख ७० हजार ७४१ थान पाठ्यपुस्तक बिक्री गरिएको थियो । सरोकारवालाहरूले समयमै पाठ्यपुस्तक आपूर्ति हुनुले शिक्षाको गुणस्तर सुधारमा सकारात्मक प्रभाव पार्ने बताएका छन् । तर, वितरण प्रक्रियामा देखिएका गुनासा सम्बोधन नगरेसम्म निःशुल्क शिक्षाको लक्ष्य पूर्ण रूपमा सफल हुन नसक्ने उनीहरूको भनाइ छ ।

## १२ कर्मचारी ट्रेड युनियनको दर्ता खारेज

दैनिक समाचारदाता

काठमाडौं, २३ वैशाख । सरकारले सरकारी कर्मचारीसँग आबद्ध १२ वटा ट्रेड युनियन संगठनको दर्ता खारेज गरेको छ ।श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले बुधबार निर्णय गर्दै आठ वटा निजामती कर्मचारी संगठन र चार वटा स्वास्थ्यकर्मी संगठनको दर्ता खारेज गरिएको जनाएको हो ।




दर्ता खारेज गरिएका निजामती कर्मचारी संगठनमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, नेपाल मधेशी निजामती कर्मचारी मञ्च, एकीकृत सरकारी कर्मचारी संगठन तथा स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन रहेका छन् ।

यस्तै स्वास्थ्य क्षेत्रतर्फ नेपाल स्वास्थ्यकर्मी संघ, मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल, नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठनको दर्ता पनि खारेज गरिएको विभागले जनाएको छ ।

सरकारको यो निर्णयसँगै सरकारी कर्मचारीसँग सम्बन्धित ट्रेड युनियनहरूको वैधानिक अवस्थाबारे नयाँ बहस सुरु भएको छ । दर्ता खारेजको कारण र त्यसले कर्मचारी आन्दोलन तथा संगठनात्मक गतिविधिमा पार्ने प्रभावबारे चासो बढेको छ ।


राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना'

- आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक
- अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणका लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू ।


तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सम्भावनाको भूमि मधेश किन पछाडि ?

जनसंख्याका हिसाबले नेपालको सबैभन्दा ठूलो प्रदेश, देशको अर्थतन्त्र र राजस्वमा ऐतिहासिक योगदान दिएको भूभाग, कृषि र व्यापारको केन्द्र तथा भारतसँगको खुला सीमाना जोडिएको रणनीतिक क्षेत्र–यही मधेश आज पनि मानव विकास, शिक्षा, पूर्वाधार र गरिबीका अधिकांश सूचकमा देशकै सबैभन्दा कमजोर अवस्थामा उभिएको छ ।

यो केवल तथ्यांकको कुरा होइन, राज्यको प्राथमिकता, नीति निर्माणको दृष्टिकोण र विकासको असन्तुलित संरचनाको प्रतिविम्ब पनि हो । करिब ६१ लाखभन्दा बढी जनसंख्या रहेको मधेश नेपालको कुल जनसंख्याको करिब २१ प्रतिशत हो । प्रतिवर्ग किलोमिटर ६३३ जनसंख्या घनत्व भएको यो प्रदेश देशकै सबैभन्दा बाक्लो बसोबास भएको क्षेत्र हो । तर यति ठूलो जनसंख्या बोकेको प्रदेशको मानव विकास सूचकांक सबैभन्दा कम हुनु, बहुआयामिक गरिबी दर उच्च रहनु र शिक्षाको अवस्था कमजोर हुनु संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि चिन्ताजनक विषय हो ।

विगतमा देशका ७२ प्रतिशत उद्योग मधेशमै केन्द्रित थिए । राज्यको कुल राजस्व संकलनको ७१ प्रतिशत हिस्सा यही भूभागबाट उठ्ने गर्थ्यो । तर आज त्यही मधेश उद्योगविहीनता, बेरोजगारी, पलायन र कृषि संकटको चपेटामा छ । यो विडम्बना केवल आर्थिक पतनको कथा होइन, राज्यको दीर्घकालीन उपेक्षाको परिणाम हो ।

संघीयता लागू भएपछि विकासको नयाँ ढोका खुल्ने अपेक्षा गरिएको थियो । प्रदेश र स्थानीय सरकार गठनसँगै जनताको नजिकबाट सेवा प्रवाह हुने, स्थानीय आवश्यकताअनुसार योजना बन्ने र क्षेत्रीय असन्तुलन हट्ने विश्वास गरिएको थियो । तर व्यवहारमा संघीयताको संरचनाले अझै प्रभावकारी गति लिन सकेको छैन । प्रदेश र स्थानीय तहमा पर्याप्त कर्मचारी अभाव छ । अधिकार र स्रोतबीचको असन्तुलनले जनप्रतिनिधि चाहेर पनि अपेक्षित काम गर्न सकिरहेका छैनन् । संघीय सरकारले प्रदेशलाई अधिकार हस्तान्तरण गर्न हिच्किचाइरहेको आरोप निरन्तर उठिरहेको छ ।

मधेशको विकासमा अर्को गम्भीर चुनौती सुशासनको अभाव हो । राजनीतिक अस्थिरता, प्रशासनिक ढिलासुस्ती, योजनाको कमजोर कार्यान्वयन र भ्रष्टाचारले विकासका सम्भावनालाई कमजोर बनाइरहेको छ । कृषि प्रधान प्रदेश हुँदाहुँदै किसानले समयमा मलखाद पाउँदैनन् । उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार र लगानीमैत्री वातावरण छैन । पर्यटनका दृष्टिले जनकपुरधामसहितका धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरूको सम्भावना अपार भए पनि तिनको संरक्षण र प्रवर्द्धनमा गम्भीरता देखिएको छैन ।

सबैभन्दा दुःखद पक्ष भनेको शिक्षाको अवस्था हो । देशका अन्य प्रदेशका अधिकांश जिल्ला शिक्षित घोषणा भइसक्दा पनि मधेशको एउटा पनि जिल्ला हालसम्म शिक्षित घोषणा हुन नसक्नु केवल प्रशासनिक कमजोरी होइन, सामाजिक न्यायमाथिको प्रश्न पनि हो । शिक्षा बिना विकास सम्भव हुँदैन । मधेशमा गुणस्तरीय शिक्षा, प्राविधिक तालिम र सीप विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नगरी आत्मनिर्भर अर्थतन्त्रको कल्पना गर्न सकिँदैन ।

यद्यपि मधेश केवल समस्याको भूमि होइन । यहाँ अपार सम्भावना छ । उर्वर भूमि, युवा जनशक्ति, सीमापार व्यापारको अवसर, धार्मिक पर्यटन, बहुभाषिक तथा बहुसांस्कृतिक पहिचान–यी सबै मधेशलाई नेपालको आर्थिक इञ्जिन बनाउन सक्ने आधार हुन् । आवश्यकता केवल स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र राज्यको न्यायपूर्ण दृष्टिकोणको हो । आज आवश्यकता मधेशलाई केवल राजनीतिक नाराको विषय बनाउने होइन, राष्ट्रिय विकासको केन्द्रका रूपमा हेर्ने हो । मधेशको विकास बिना नेपालको समग्र विकास सम्भव छैन भन्ने यथार्थलाई राज्यले आत्मसात् गर्नुपर्छ । विकासको असमानता हटाएर अवसरको समान पहुँच सुनिश्चित गर्न सकिए मात्र संघीयताको वास्तविक उद्देश्य पूरा हुनेछ । मधेश पछाडि परेको प्रदेश होइन, पछाडि पारिएको प्रदेश हो भन्ने गुनासो अब पनि यथावत् रहिरहनु लोकतन्त्र र संघीयताको असफलताको संकेत हुनेछ । त्यसैले अब बहसभन्दा बढी परिणाममुखी कामको आवश्यकता छ ।

# १५ दिने तलबको असर

सुजन ढुंगेल

नेपालको अर्थतन्त्र सुस्त गतिमा अघि बढिरहेको वर्तमान सन्दर्भमा सरकारले १५-१५ दिनमा तलब दिने व्यवस्था सिर्जना गरेर जनताको हातमा छिटो-छिटो आम्दानी पुऱ्याउने नीति लिएको छ। सतहमा हेर्दा यो अवधारणा निकै प्रभावकारी देखिन्छ, किनकि ठूलो संख्यामा नागरिकले जब छिटो-छिटो नियमित आम्दानी पाउँछन्, उनीहरूको क्रयशक्ति बढ्छ । बजारमा माग वृद्धि हुन्छ। र, आर्थिक गतिविधि स्वतः चलायमान हुन थाल्छ।




तर यो सोचलाई व्यवहारमा रूपान्तरण गर्दा गहिरो आर्थिक संरचना, कर प्रणाली, उत्पादन क्षमता र बाह्य निर्भरतालाई समेत ध्यानमा राख्न आवश्यक हुन्छ। मानौं, २ करोड नेपालीले मासिक रु.२५,००० का दरले आम्दानी पाउने व्यवस्था भयो भने हरेक महिना करिब ५ खर्ब रुपैयाँ सिधै जनताको हातमा पुग्छ। यो रकम केवल एकपटक खर्च भएर सकिने होइन; यो बजारमा पटक-पटक घुम्छ ।

मानिसहरूले उपभोगका लागि खर्च गर्दा त्यो रकम व्यवसायीको आम्दानी बन्छ, जसले पुनः कर्मचारीलाई तलब दिन्छ वा नयाँ लगानी गर्छ। यसरी एउटै पैसा अर्थतन्त्रमा घुमिरहने प्रक्रियालाई मल्टिप्ल्याएर इफेक्ट भनिन्छ। सैद्धान्तिक रूपमा, यदि मानिसहरूले आफ्नो आम्दानीको ठूलो हिस्सा खर्च गरे भने यो ५ खर्बले १० देखि २५ खर्बसम्मको आर्थिक गतिविधि सिर्जना गर्न सक्छ।

तर यथार्थमा यस्तो आदर्श अवस्था हुँदैन। नेपालको अर्थतन्त्रमा आयातमा उच्च निर्भरता, बचत गर्ने प्रवृत्ति र अनौपचारिक कारोबारको ठूलो हिस्सा रहेका कारण यो मल्टिप्ल्याएर प्रभाव घटेर करिब २ देखि २.५ गुणासम्म सीमित हुन सक्छ। यसको अर्थ, ५ खर्बको प्रारम्भिक वितरणले करिब ११-१२ खर्ब बराबरको वास्तविक आर्थिक गतिविधि सिर्जना गर्न सक्छ, जुन अझै उल्लेखनीय भए पनि सैद्धान्तिक अनुमानभन्दा कम हो।

यस आर्थिक गतिविधिबाट सरकारले करमार्फत केही हिस्सा फिर्ता प्राप्त गर्छ । मूल्य अभिवृद्धि कर (भ्याट) र कम्पनीहरूको नाफामा लाग्ने कर यसका मुख्य स्रोत हुन्। यद्यपि सबै खर्च भ्याट योग्य हुँदैन र सबै व्यवसायले समान नाफा कमाउँदैनन्। व्यवहारमा हेर्दा, यस्तो प्रणालीबाट सरकारलाई मासिक करिब १२-१४ प्रतिशत मात्र राजस्व फिर्ता आउने सम्भावना हुन्छ।

त्यसैले, यदि सरकारले एक महिनामा ५ खर्ब खर्च गरेको छ भने, त्यो रकम पूर्ण रूपमा फिर्ता हुन करिब ७ देखि ८ महिना लाग्न सक्छ। यसले 'तुरुन्तै पैसा सरकारमा फर्किन्छ' भन्ने लोकप्रिय धारणा यथार्थभन्दा धेरै आशावादी भएको देखाउँछ।

यस मोडेलको अर्को महत्वपूर्ण पक्ष जोखिमसँग सम्बन्धित छ। यदि बजारमा पैसा बढ्यो तर उत्पादन (कगउउथि) त्यही अनुपातमा बढेन भने मूल्य वृद्धि (inflation) हुने सम्भावना उच्च हुन्छ । साथै, नेपालको आयात-निर्भर संरचनाले गर्दा उपभोग बढ्दा ठूलो हिस्सा विदेशतर्फ जाने सम्भावना रहन्छ, जसले व्यापार घाटा अझै गहिरो बनाउन सक्छ। त्यसैले केवल पैसा वितरण गरेर मात्र दीर्घकालीन आर्थिक सुधार सम्भव हुँदैन।

यसकारण, यस्तो नीतिको सफलता पूर्ण रूपमा रोजगारीको प्रकृतिमा निर्भर हुन्छ। यदि रोजगारी उत्पादनमूलक क्षेत्रमा–जस्तै कृषि, उद्योग, निर्माण र पूर्वाधार–केन्द्रित भयो भने यसले अर्थतन्त्रलाई वास्तविक रूपमा बलियो बनाउँछ। तर यदि यो केवल उपभोग बढाउने क्षेत्रमा सीमित रह्यो भने यसको प्रभाव अल्पकालीन मात्र हुनेछ। दीर्घकालीन समृद्धिका लागि उत्पादन वृद्धि, आयात प्रतिस्थापन र कर प्रणालीको प्रभावकारिता अत्यन्त आवश्यक हुन्छ।

नेपालको प्रति व्यक्ति आम्दानी हाल करिब १४००-१५०० अमेरिकी डलरको हाराहारीमा रहेको छ। यदि रोजगारी विस्तार, उत्पादन वृद्धि र आर्थिक संरचनामा सुधार एकसाथ अघि बढाइयो भने केही वर्षमै २००० डलरभन्दा माथि पुग्ने सम्भावना देखिन्छ। तर दीर्घकालीन रूपमा यो लक्ष्य केवल छिटो-छिटो पैसा वितरण गरेर मात्र होइन, उत्पादनशीलता वृद्धि मार्फत मात्र प्राप्त गर्न सकिन्छ। अन्ततः, छिटो-छिटो आम्दानी वितरण गर्ने अवधारणा अर्थतन्त्रलाई चलायमान बनाउने एक शक्तिशाली उपकरण हुन सक्छ, तर यो आफैंमा दीर्घकालीन पूर्ण समाधान होइन। यो त उत्पादन क्षमताको विस्तारमा निर्भर गर्छ। सही ढंगले कार्यान्वयन गरियो भने यसले नेपालमा आर्थिक रूपान्तरणको आधार तयार गर्न सक्छ; गलत तरिकाले प्रयोग गरियो भने यो केवल आकर्षक तर अस्थायी उपायमा सीमित हुन सक्छ। *अनलाइनखबरबाट*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# फोन चार्ज गर्ने तार धेरै नटिक्नुको कारण प्रयोगकर्ताको 'खराब' बानी



हामीले आफ्नो दैनिक जीवनमा सधैँ प्रयोग गर्ने भए पनि 'चार्जिङ केबल' अर्थात् फोन चार्ज गर्ने तारलाई खासै वास्ता गरेका हुँदैनौँ। तार बिग्रिएपछि ब्याटरी सकिन लागेको फोन हातमा पर्दा मात्र हामी झसङ्ग हुन्छौँ। चार्जिङ केबलहरू तपाईंकै कारण बिग्रिन्छन्। यहाँ तिनको हेरचाह र प्रयोग गर्ने तरिकाबारे चर्चा गरिएको छ।

माइकल पेक्ट चार्जिङ केबललाई "निकै दुःख" दिन्छन्। उनी यूनिभर्सिटी अफ मेरिल्यान्डस्थित सेन्टर फर एड्भान्स्ड लाइफ साइकल इन्जिनिअरिङका संस्थापक हुन्। प्रविधि कम्पनीहरू आफूले उत्पादन गरेका उपकरणहरू उक्त प्रयोगशालामा पठाएर ती किन बिग्रिन्छन् भनेर पत्ता लगाइदिन आग्रह गर्छन्। "हामी शवगृहजस्तै हौँ," पेक्ट भन्छन्, "तर विद्युतीय उपकरणका लागि।"

उनको टोलीले केबल थिच्ने, तन्काउने, धेरै पटक जोड्ने जस्ता गर्न सकिने सबै कठोर व्यवहार यूएसबी केबलसँग गर्दै आएको छ। त्यसपछि उनी एक्स-रेमार्फत् परीक्षण गरेर ती तारहरूमा कस्तो क्षति पुगेको छ भनेर अध्ययन गर्छन्।

चार्जिङ केबल बेर्ने उत्तम तरिका के हो? मैले पेक्टलाई यो साधारण प्रश्न सोधेँ।

म तार खुकुलो हुने गरी गोलो बनाएर बेर्नुपर्छ भन्ठान्थेँ! मलाई तार धेरै कसिँदा वा गुजमुजिँदा चाँडै बिग्रिन्छ जस्तो लाग्थ्यो। मैले चिनेजानेका धेरै मानिसको धारणा पनि त्यस्तै छ। त्यसैले त्यो तरिका वैज्ञानिक रूपमा पनि ठिक छ भन्ने सुन्न पाइएला जस्तो मलाई लागेको थियो।

तर मैले आफू र लाखौँ मानिसले त्यसरी तार बेर्न समय खेर फालेका रहेछन् भन्ने थाहा पाएँ।

"त्यसले खासै फरक पार्दैन," पेक्ट भन्छन्। "हामीले ठूला कम्प्युटर कम्पनीहरूका लागि काम गरेका छौँ। गलत तरिकाले बेरेका कारणले मात्र केबल बिग्रिएको हामीले कहिल्यै पाएका छैनौँ।"

मलाई त्यो कुरा पत्याउन निकै गाह्रो लाग्यो। त्यसपछि मैले अरू विज्ञहरूसँग पनि कुरा गरेँ।

सबैले उही कुरा भने - चार्जिङ केबल जसरी बेरे पनि हुन्छ। तर अरू खराब बानीका कारण केबल चाँडै बिग्रिने गरेका रहेछन्।

म आफूले सिकेका कुरा अब तपाईँहरूलाई भन्दै छु। चार्जिङ केबलहरू हाम्रो लागि निकै उपयोगी हुन्छन्। तर तिनले काम गर्न छोडेपछि मात्र हामी तिनको महत्त्व बुझ्छौँ। तार बिग्रियो भने हाम्रो फोन वा विद्युतीय उपकरण चार्ज गर्ने उपाय नै हुँदैन।

तिनको प्रयोग र हेरचाह राम्ररी गरियो भने हाम्रो खर्च र पर्यावरण पनि जोगिन्छ भन्ने कुरा बिर्सिनुहुँदैन।

### *राम्रो व्यवहार*

"यो संसारमा दुई प्रकारका मानिस छन्। चार्जिङ केबल बिगार्ने र नबिगार्ने," दीर्घकालीन प्रयोग र उपभोक्ता अधिकारसम्बन्धी संस्था आईफिक्स्इट का सहसंस्थापक काइल वाइन्स भन्छन्। "स्वीकार गर्न गाह्रो भए पनि म बिगार्ने खालमै पर्दोरहेछु। चार्जिङ केबल बिग्रँदा प्रायजसो तार र प्लग जोडिने ठाउँमै समस्या देखिएको हुन्छ।"

अब केबलको संरचना बुझौँ। चार्जिङ केबलमा धातुका मसिना तारहरू हुन्छन् तर तिनलाई विद्युत् प्रवाह हुन नदिने पदार्थबाट बनेको खोलले ढाकिएको हुन्छ।

केबलको एउटा छेउमा ती मसिना तारलाई प्लगसहितको कनेक्टरमा जोडिएको हुन्छ। प्रायजसो त्यही जोर्नीमा समस्या देखा पर्छ। यसो सोचविचार गर्ने हो भने कारण स्पष्ट बुझिन्छ। केबल प्रयोग गर्दा तारले कनेक्टरको आड पाउँछ अनि तार बाङ्गिने ठाउँ पनि त्यही हो।

एउटा पेपर क्लिपको उदाहरण हेरौँ। बारम्बार एउटै ठाउँमा मोड्दा त्यो भाँचिन्छ। अमेरिकाको वुस्टर पोलिटेक्निक इन्स्टिट्यूटका मक्यानिकल एन्ड मटिअरिअल्स इन्जिनिअरिङ विभागका प्रमुख रोबर्ट हायर्स भन्छन्, "सूक्ष्म तहमा हेर्ने हो भने लचकताको सीमा नाघ्ने गरी मोड्दा परमाणुहरूबीचको बन्धन चुँडिन्छ र स्थान सर्दा फेरि बन्छ।"

अनि 'डिस्लोकेशन' भनिने त्रुटिहरूको थुप्रो बन्छ जसमा परमाणुहरू लामबद्ध हुँदैनन्, गलैँचामा चाउरी परे जस्तो हुन्छ। त्यस्ता त्रुटिहरू धेरै हुँदा धातु कडा बन्छ र चुँडिन्छ अनि पेपर क्लिप बिग्रिन्छ। चार्जिङ केबलभित्र धातुका तारहरू पनि त्यसरी नै बिग्रिन्छन्।

यो कुरा बुझेपछि तपाईं आफूले गर्दै आएका सामान्य गल्तीहरू दोहोऱ्याउनु हुन्नहोला। "प्लगबाट हटाउन धेरै मानिसहरू ओछ्यानमा पल्टिएर केबलको लामो भाग तान्छन्, म पनि कहिलेकाहीँ अल्छी लागेको बेला त्यसै गर्छु," पेक्ट भन्छन्। "कनेक्टर नै निकाल्दा नपर्ने भए पनि त्यसरी तान्दा कनेक्टरमा अतिरिक्त दबाव पर्छ,"

हायर्सका अनुसार निकै छोटा केबलहरू प्रयोग गर्दा पनि समस्या निम्तिन्छ। सकेटसम्म पुऱ्याउन केबललाई तन्काउँदा पनि त्यो बिग्रिन्छ। ओछ्यान वा अन्यत्र पल्टिएर चार्जमा राखेको फोन चलाउँदा कनेक्टर बाङ्गो कोणमा छ भने पनि समस्या निम्तिन्छ।

"फोन चार्जमा जोडेर कारको कप होल्डरमा राखेको पनि देख्छौँ," वाइन्स भन्छन्। "त्यसो गर्दा फोनको तौल र गाडी उफ्रिँदा पर्ने दबाव केबलको एउटै ठाउँमा पर्छ।" त्यसो गर्न छोड्नुहोस्। त्यसो गर्दा बिगार मात्रै हुन्छ।

तपाईँले जान्नुपर्ने अर्को महत्त्वपूर्ण कुरा लामा र गह्रौँ केबलहरू बेर्ने तरिका हो। चलचित्र वा अडिओमा काम गर्ने जोसुकैलाई सोध्नुभयो भने उनीहरूले तपाईँलाई केबल दोबार्ने "ओभर-अन्डर" विधिबारे बताउने छन्। यद्यपि वाइन्स र अरू विज्ञहरूका अनुसार तपाईँहरूले प्रयोग गर्ने मसिना र लचिला केबलमा त्यस्तो विधि उपयोगी हुँदैन।

### *कस्तो केबल धेरै टिक्छ*

वाइन्सका अनुसार केबल धेरै कसिलो गरी बेर्नु राम्रो होइन। तर बाङ्गिने गरी नमोडे वा कनेक्टर नतानेसम्म

बेर्दैमा केबल बिग्रिने सम्भावना निकै कम हुन्छ। अन्ततः सबै कुरा कनेक्टरसँग गरिने व्यवहारमा निर्भर हुन्छ।

उक्त भाग राम्ररी चलाउने हो भने चार्जिङ केबल र चार्जर लामो समय टिक्ने हार्यस बताउँछन्।

तर केबल पनि राम्रो हुनुपर्छ। मैले कुरा गरेका सबै जनाका अनुसार सस्ता र कमसल केबलहरूका कारण समस्या उत्पन्न हुने गरेको छ। सस्तो खोज्नुको साटो बलियो केबल किन्ने हो भने बारम्बार हुने खर्च जोगिन्छ।

'ब्रेडेड केबल' पाइन्छ भने त्यो रोज्नुहोस्। त्यस्तो केबलमा तारबाहिर प्लास्टिक नभई कसिलो कपडा वा नाइलनको जाली बाटिएको हुन्छ। "त्यो राम्रो तरिका हो," वाइन्स भन्छन्, "एपलले पनि नयाँ मोडलमा 'ब्रेडेड केबल' प्रयोग गर्न थालेको छ किनभने त्यसरी बाटिएको जालीले तारलाई बलियो र सुरक्षित बनाउँछ।"

यी कुराहरू वस्तुतः खासै ठूला होइनन्। केबल तपाईं हाम्रो जीवनको सर्वाधिक आकर्षक प्रविधि पनि होइन। त्यसले काम गरे पुग्छ। उपयोगी हुँदा हामीले त्यसलाई खासै वास्ता नगरे पनि हुन्छ।

तर गलत तरिकाले बेवास्ता गरियो भने चाहिँ सूक्ष्म रूपमा हुन थालेको क्षतिले पछि ठूलो रूप लिन्छ र तपाईं अप्ठ्यारोमा पनि पर्न सक्नुहुन्छ। बीबीसी/नेपालीबाट

# दक्षिणी लेबनानमा इजरायली आक्रमण, तीन जनाको मृत्यु

एजेन्सी

काठमाडौँ २३ वैशाख । दक्षिणी लेबनानमा भएको इजरायली हवाई आक्रमणमा तीन जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको लेबनानका मिडियाहरुले जनाएका छन्।

बिन्ट जेबिल जिल्लाको देइर किफा सहरमा भएको इजरायली हवाई आक्रमणमा दुई जनाको मृत्यु भएको तथा अर्को एक जना घाइते भएको राष्ट्रिय समाचार एजेन्सीले जनाएको छ।

यसै गरी इजरायली ड्रोनले देइर किफाको इस्लामिक स्वास्थ्य सस्थामा गरेको आक्रमणमा घाइते भएका तीन जना चिकित्सकहरूलाई उपचारका लागि अस्पतालमा लगिएको जनाइएको छ । नबातीह जिल्लाको आदचित सहरमा भएको अर्को छुट्टै आक्रमणमा एक जनाको मृत्यु भएको जनाइएको छ।

यसैबिच हेजबुल्लाहले वादी अल-जमाल क्षेत्रमा सैन्य आक्रमण सहित इजरायली सेनाहरू विरुद्ध जवाफी आक्रमणको घोषणा गरेको छ।

इजरायल र लेबनानबिच अप्रिल - १६ देखि लागु भएको को युद्धविरामको बावजुद यो झडप भएको हो।

# उत्तर कोरियाद्वारा दक्षिण कोरियासँगको एकीकरण खारेज



एजेन्सी

काठमाडौँ २३ वैशाख । दक्षिण कोरियासँगको सम्बन्धलाई थप टकरावपूर्ण दिशातर्फ मोड्दै उत्तर कोरियाले आफ्नो संविधानबाट एकीकरणसम्बन्धी सबै उल्लेख हटाएको छ । सार्वजनिक गरिएको नयाँ संवैधानिक कागजातले प्योङयाङले अब सियोलसँग मेलमिलापभन्दा टकरावलाई प्राथमिकता दिएको स्पष्ट सङ्केत दिएको छ।

दक्षिण कोरियाको एकीकरण मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको संविधानको संशोधित संस्करणमा पहिले उल्लेख गरिएको 'मातृभूमिको एकीकरण' गर्ने लक्ष्यसम्बन्धी प्रावधान पूर्ण रूपमा हटाइएको छ। यसले उत्तर कोरियाको दीर्घकालीन नीतिमा महत्त्वपूर्ण परिवर्तन आएको देखाएको छ।

यो निर्णय उत्तर कोरियाली नेता किम जोङ उनले केही समयअघि दक्षिण कोरियालाई 'सबैभन्दा शत्रुतापूर्ण राज्य' का रूपमा चित्रित गरेपछि आएको हो । मार्च महिनामा गरिएको नीतिगत सम्बोधनमा उनले सियोलप्रति कडा र आक्रामक धारणा प्रस्तुत गरेका थिए।

नयाँ संविधानमा उत्तर कोरियाको भौगोलिक सीमाबारे पनि स्पष्ट उल्लेख गरिएको छ । कागजातले चीन र रुससँग जोडिएको उत्तरी सीमा र दक्षिणतर्फ 'गणतन्त्र कोरिया' सम्मको क्षेत्रलाई आफ्नो सीमाका रूपमा परिभाषित गरेको छ। साथै, आफ्नो भूभागमा कुनै पनि प्रकारको अतिक्रमण अस्वीकार्य हुने स्पष्ट चेतावनीसमेत दिइएको छ।

यता दक्षिण कोरियाले भने संवादको ढोका खुला राखेको सङ्केत दिएको छ । राष्ट्रपति ली जे म्युङले कुनै पनि पूर्वशर्त बिना वार्ताका लागि आह्वान गर्दै दुई देशबीच शान्ति र सहकार्य सम्भव रहेको धारणा व्यक्त गरे । उहाँका अनुसार कोरियाली प्रायद्वीपमा स्थायित्व कायम गर्न संवाद नै प्रमुख माध्यम हुन सक्छ।तर प्योङयाङले सियोलको यस पहलप्रति कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । उल्टै, उत्तर कोरियाले दक्षिणलाई बारम्बार आफ्नो 'सबैभन्दा शत्रुतापूर्ण' प्रतिद्वन्द्वीका रूपमा चित्रण गर्दै आएको छ ।

यसबीच, प्योङयाङले आफ्नो आणविक शक्ति थप सुदृढ गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ । अप्रिल महिनामा मात्र चार वटा क्षेप्यास्त्र परीक्षण गरिएको छ । यो पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा एकै महिनामा गरिएको सबैभन्दा ठूलो परीक्षण शृङ्खला मानिएको छ ।

क्षेत्रीय शक्ति सन्तुलनमा थप जटिलता थप्दै उत्तर कोरिया पछिल्लो समय रुससँग पनि नजिकिएको छ । युक्रेन युद्धमा समर्थन जनाउँदै उसले सेना र तोपखाना पठाएको बताइएको छ, जसले अन्तर्राष्ट्रिय राजनीतिक समीकरणमा नयाँ बहस सिर्जना गरेको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ११ सहसचिवको सरुवा, को कहाँ ?

दैनिक समाचारदाता
काठमाडौं, २३ वैशाख । सरकारले ११ जना सहसचिवको सरुवा गरेको छ ।



गत सोमबार (२१ वैशाख) बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत सहसचिवहरूको सरुवा गर्ने निर्णय गरेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बुधबार सूचना जारी गर्दै सरुवाबारे जानकारी दिएको छ ।

सूचनाअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव मुकेश रेग्मीलाई विद्युतीय सुशासन आयोगमा सरुवा गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव आदेश खड्कालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ल्याइएको छ भने सोही मन्त्रालयका सहसचिव चन्द्र शाहलाई अर्थ मन्त्रालय वा अन्तर्गत सरुवा गरिएको छ । प्रधानमन्त्री कार्यालयका सहसचिव अनिल कुमार दत्तलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइएको छ । अर्थ मन्त्रालयका सहसचिव रामदत्त भट्टलाई पनि सञ्चार मन्त्रालयमा सरुवा गरिएको छ ।

यस्तै, मुस्लिम आयोगका सचिव रमेश न्यौपानेलाई राष्ट्रिय सूचना आयोगमा सरुवा गरिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत अतिरिक्त समूहमा रहेका सहसचिव सन्नीकुमार दाहाललाई राष्ट्रपतिको कार्यालयमा पठाइएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगअन्तर्गत कार्यरत सहसचिव रामकृष्ण पुडासैनीलाई अर्थ मन्त्रालयमा सरुवा गरिएको छ भने अर्थ मन्त्रालयकी सहसचिव कृष्णकुमारी श्रेष्ठलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको छ ।

गृह मन्त्रालयअन्तर्गत रहेका सहसचिव नवराज घिमिरेलाई मुस्लिम आयोगको सचिव बनाइएको छ । त्यस्तै, संघीय मामिला मन्त्रालयअन्तर्गत अतिरिक्त समूहमा रहेका तथा हाल युवा तथा खेलकुद मन्त्रालयमा कार्यरत सहसचिव रमेश ढकाललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत सरुवा गरिएको मन्त्रालयले जनाएको छ ।

# प्राधिकरणको निमित्त कार्यकारी निर्देशकमा दीर्घायु श्रेष्ठ

दैनिक समाचारदाता
काठमाडौं, २३ वैशाख । नेपाल विद्युत् प्राधिकरणको निमित्त कार्यकारी निर्देशकमा दीर्घायु श्रेष्ठ नियुक्त भएका छन् ।



ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री विराजभक्त श्रेष्ठले बुधबार उनलाई उक्त जिम्मेवारी दिएका हुन् ।

श्रेष्ठ यसअघि प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयमा उपकार्यकारी निर्देशकका रूपमा कार्यरत थिए ।

यसअघिका कार्यकारी निर्देशक हितेन्द्र देव शाक्य भने सरकारले ल्याएको 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' अनुसार स्वतः पदमुक्त भएका थिए ।

शाक्य पदमुक्त भएपछि लगत्तै श्रेष्ठलाई निमित्त कार्यकारी निर्देशक नियुक्त गरिएको हो ।

# लागुऔषधसहित १५ जना पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, २३ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषध सहित १५ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार काठमाडौं, ललितपुर, रुपन्देही, सिरहा, चितवन, नवलपरासी पूर्व, कैलाली, सुनसरी र सुर्खेतबाट उनीहरु पक्राउ परेका हुन् ।

उनीहरुका साथबाट चिकित्सकको सिफारिसमा मात्रै खरिद गर्न पाइने नियन्त्रित लागूऔषध नोर्फिन, फेनारगन, स्पास्पेन, ट्रामाडोल, आइपिपिएल र डाइजेपाम तथा लागुऔषध खैरो हेरोइन र गाँजा बरामद भएको छ ।

# राज्यकोषबाट दोहोरो सुविधा लिने प्रवृत्ति रोक्न सरकार सक्रिय

दैनिक समाचारदाता
काठमाडौं, २३ वैशाख । राज्यकोषबाट दोहोरो र असीमित सुविधा लिने प्रवृत्तिलाई नियन्त्रण गर्न सरकारले सक्रियता देखाएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पूर्वविशिष्ट पदाधिकारीहरूले प्रयोग गरिरहेको सवारी साधनको यथार्थ विवरण आजै उपलब्ध गराउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ।



प्रधानमन्त्री कार्यालयद्वारा गरिएको पछिल्लो अध्ययनले केही पूर्वविशिष्ट पदाधिकारीहरूले कानुनले तोकेको भन्दा बढी सवारी साधन प्रयोग गरेको वा फरक-फरक निकायबाट दोहोरो सुविधा लिइरहेको तथ्य फेला पारेपछि हिजो गृहसँग स्पष्ट विवरण माग गरिएको हो। पत्रमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वसभामुख र पूर्वराष्ट्रियसभा अध्यक्षहरूले लिइरहेको सुविधाको पूर्ण विवरण आजै कार्यालय समयभित्र इमेलमार्फत पठाउन ताकेता गरिएको छ।

यस कदमबारे जानकारी दिनुहुँदै प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले राज्यकोषको दुरुपयोग रोक्न र सुशासन कायम गर्न सरकारले कडाइका साथ विवरण माग गरेको बताउनुभयो। उहाँका अनुसार कानुनले तोकेभन्दा बाहिर गएर लिइएका सुविधाको पहिचान गरी प्रणालीलाई पारदर्शी बनाउनु यो निर्देशनको मुख्य उद्देश्य हो।

विगत लामो समयदेखि पूर्वविशिष्टहरूले मापदण्डविपरीत सरकारी स्रोत-साधनको प्रयोग गरिरहेको भन्दै आलोचना भइरहेका बेला सरकारले यो सक्रियता देखाएको हो। गृह मन्त्रालयबाट प्राप्त हुने विवरणको आधारमा मापदण्डभन्दा बढी सुविधा लिनेहरूको सवारी साधन फिर्ता गर्ने र प्रक्रियालाई थप व्यवस्थित बनाउने सरकारको तयारी छ।

# प्रतिनिधिसभा नियमावलीको मस्यौदा सच्याउन कांग्रेसको माग



दैनिक समाचारदाता
काठमाडौं, २३ वैशाख । नेपाली कांग्रेसले प्रस्तावित 'प्रतिनिधिसभा नियमावली, २०८३' को मस्यौदा सच्चाउन माग गरेको छ ।

सिंहदरबारमा बुधबार बसेको कांग्रेस संसदीय दलको बैठकले प्रतिनिधिसभा नियमावली, २०८३ को मस्यौदाका कतिपय प्रावधानहरू संविधानको मर्म विपरीत र विधिशास्त्रीय दृष्टिकोणले समेत गम्भीर रहेकाले ती विषयहरुलाई सच्चाउनुपर्ने माग गरेको कांग्रेस प्रमुख सचेतक बासना थापाले जानकारी दिइन् ।

असल नियतले सुशसान र सेवा प्रवाह सहजताका लागि गरेका प्रावधानहरूलाई समर्थन गर्ने तर संविधानको भाव विपरित जारी गरिएका प्रावधानहरुको विरुद्धमा संसदमा सशक्त आवाज उठाउने निर्णय गरिएको प्रमुख सचेतक थापाले बताइन् ।

साथै बैठकले सरकारले विधायिकी अधिकारको गम्भीर उल्लंघन र संसदीय अभ्यास माथि निर्मम प्रहार गरेको निष्कर्ष निकालेको उनले बताइन् । बैठकले वास्तविक सुकुमवासीको पहिचान, ससम्मान स्थानान्तरण र मर्यादित पुनर्स्थापनाका लागि सदनमा प्रभावकारी आवाज उठाउने निर्णय समेत गरेको छ ।


## व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

कम विषादी, राम्रो बाली, स्वस्थ रहोस् हाम्रो थाली ।
सजग किसान, सहि पहिचान,
प्राकृतिक(अर्ग्यानिक खेती नै महान ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम


# प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकारमा डा. अग्रवाल

दैनिक समाचारदाता
काठमाडौं, २३ वैशाख । सरकारले वरिष्ठ चिकित्सक तथा चिकित्सा शिक्षाविद् प्रा. डा. जगदीश प्रसाद अग्रवाललाई प्रधानमन्त्री बालेन शाहको अवैतनिक स्वास्थ्य सल्लाहकारमा नियुक्त गरेको छ ।



मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अग्रवाललाई उक्त पदमा नियुक्त गर्ने निर्णय गरेको हो । अग्रवाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत चिकित्सा शास्त्र अध्ययन संस्थान ( आइओएम) का पूर्व डीन समेत हुन् ।

प्रधानमन्त्रीको कार्यालयका अनुसार डा. अग्रवालले राज्यबाट कुनै पारिश्रमिक वा आर्थिक सुविधा नलिई विशेषज्ञका रूपमा सेवा प्रदान गर्नेछन् ।









'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४